# सोधपुछ तथा उजुरी गर्ने माध्यम/च्यानलहरूमा गरिएको सुधार

हाम्रा सोधपुछ तथा उजुरीहरू उपर कार्यवाही गर्ने सेवाहरूलाई परिष्कृत गर्नका लागि वर्तमान भेदभाव विरोधी अध्यादेशहरू, अर्थात्, लैङ्गिक भेदभाव अध्यादेश (Cap.480), अपाङ्गता भेदभाव अध्यादेश (Cap.487), पारिवारिक स्थिति भेदभाव अध्यादेश (Cap.527) तथा जाति भेदभाव अध्यादेश (Cap.602) अन्तर्गतका भेदभाव, दुर्व्यवहार तथा गालीगलौज सम्बन्धी वा हाम्रा सेवाहरू बारेका सबै सोधपुछ तथा उजुरीहरू सोमबार, 28 सेप्टेम्बर, 2020 बाट लागू हुनेगरी देहायका माध्यम/च्यानलहरू मध्ये कुनै एक माध्यमबाट गर्नुपर्छ।

- कार्यालयमा आफैं आएर, टेलिफोन (सोधपुछहरूका लागि मात्र), अनलाइन फाराम, फ्याक्स, पत्र (विद्यमान माध्यम/च्यानलहरू)

- एसएमएस (SMS) सेवा (श्रवणसम्बन्धी कमजोरी/बोलीसम्बन्धी कठिनाइहरू भएका मानिसहरूद्वारा सोधपुछ गर्नका लागि)

डाउनलोड गर्न सकिने फारामहरू डाउनलोड गर्नका लागि कृपया तलका सम्बन्धित लिङ्कमा क्लिक गर्नुहोस्:

(भेदभाव विरोधी अध्यादेशहरूसँग सम्बन्धित उजुरीका लागि उजुरी फाराम)

(भेदभाव विरोधी अध्यादेशहरूसँग सम्बन्धित सोधपुछका लागि सोधपुछ फाराम)

(EOC का सेवाहरूसँग सम्बन्धित सोधपुछ तथा उजुरीका लागि सम्पर्क /पृष्ठपोषण फाराम (Contact us/ Feedback form))

कृपया पूरा भरिएका फारामहरूलाई इमेल ठेगाना eoc@eoc.org.hk मा पठाउनुहोस्। कृपया याद राख्नुहोस् कि यस वेबपेजमा सूचिकृत भाषासम्बन्धी आवश्यकताहरू भएका सेवा प्रयोगकर्ताहरूले मात्र आफ्ना भाषासम्बन्धी आवश्यकताहरूलाई पूरा गर्ने तोकिएका डाउनलोड गर्न सकिने फारामहरू बुझाउनका लागि यो इमेल ठेगानालाई प्रयोग गर्न सक्नेछन्। इमेल ठेगाना eoc@eoc.org.hk लाई त्यस्ता भाषासम्बन्धी आवश्यकताहरू नभएका मानिसहरूबाट प्राप्त सोधपुछ वा उजुरीहरू उपर कार्यवाही गर्नका लागि तोकिएको वा छुट्टाइएको होइन र त्यस्ता मानिसहरूका लागि अङ्ग्रेजी वा चिनियाँ भाषामा वेबपेजहरूमा इ-फारामहरू उपलब्ध छन्।